दुनियाँमा यसरी रहनु जसरी एउटा अपरिचित मान्छे वा बटुवा रहन्छ ।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) द्वारा वर्णन छ, भन्नु हुन्छ: अल्लाहका
रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मेरा दुवै काँध समातेर भन्नुभयो : "दुनियाँमा
यसरी रहनु जसरी एउटा अपरिचित मान्छे वा बटुवा रहन्छ ।" अब्दुल्लाह बिन उमर
(रजियल्लाहु अन्हुमा) भन्ने गर्नु हुन्थ्यो " साँझ भयो भने बिहानको पर्खाइमा नबस र
यदि बिहान भयो भने साँझ पर्ने प्रतीक्षा नगर । आफ्नो स्वास्थयबाट बिमारीको र आफ्नो जिन्दगीबाट मृत्युका लागि तयारी गरेर राख ।" [सही] [बुखारीले वर्णन गरेका छन्]

इब्न उमर (रजियल्लाहु अन्हुमा) ले उल्लेख गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनको काँध समात्नुभयो -जुन माथिल्लो पाखुरा र काँधको जोड हो- र उनलाई भन्नुभयो: यस संसारमा यसरी बस, मानौं तिमी एक अपरिचित छौ जो त्यस्तो भूमिमा आएको छ जहाँ उसलाई आश्रय दिने कुनै बासस्थान छैन, न त उसलाई सान्त्वना दिने कुनै साथी, परिवार छन्, यी सबै कारण हुन् सृष्टिकर्ताबाट टाढा गर्ने । यो भन्दा अझ बाटो हिँड्ने अपरिचित व्यक्ति भन्दा झनै बढी हुनु, जो आफ्नो मातृभूमि जानका लागि बाटो लागी रहेको हुन्छ । अपरिचित मान्छे त कहिल्यै कुनै न चिनेको ठाउँमा रोकिन्छ पनि , तर आफ्नो शहरका लागि हिँडेको मान्छे, हिँडेको हिँड्यै गर्छ, कतै रोकिन्न, उसको नजरमा केवल गन्तव्य हुन्छ । त्यसैले एउटा यात्रुले जसरी उसलाई गन्तव्य सम्म पुर्याउन आवश्यक पर्ने कुराहरू मात्र लिन खोज्छ त्यसरी नै एउटा इमान वालाका लागि पनि सांसारिक कुराहरूबाट त्यत्ति नै कुराहरू जम्मा गर्नु जरुरी जान्नु पर्छ जतिले ऊ आफ्नो गन्तव्य (जन्नत) सम्म पुग्छ । अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले यो उपदेशलाई पूरा पूरा व्यवहारमा ल्याउनु भयो । उहाँ भन्ने गर्नुहुन्थ्यो :बिहान भए रात आउने प्रतिक्षा नगर र रात परे बिहान हुन्छ भनेर नपर्ख । आफूलाई कब्र (समाधि) मा पुरिएका मान्छेहरू मध्ये गणना गर । किनभने मान्छेको जिन्दगी स्वास्थ्य र बिमारीबाट खाली हुँदैन । त्यसैले बिरामी पर्नु भन्दा पहिला स्वास्थ्य भएको बेलामा पुण्यका कामहरू गरि हाल । सन्चो भएको बेलामा पुण्यका कामहरू गर्दै जाऊ , कतै रोग लागेर बाटो नछेकियोस् । यस लोकको जीवनलाई सुनौलो अवसर मानेर यस्ता कुराहरू जम्मा गर जो मरे पछि काम लागून् ।

https://sunnah.global/hadeeth/ne/show/4704